# कृषि, पशुपन्छी तथा मत्स्य क्षेत्रको रूपान्तरण मार्गचित्र

# २०७८

(पौष १४ गते सार्वजनिक गरिएको)


प्रदेश सरकार

## कृषि तथा पशुपन्छी विकास मन्त्रालय

बागमती प्रदेश, हेटौंडा, मकवानपुर, नेपाल

सम्पर्क नं. ०५७-५२५६४२ | ५२५९४५

इमेल : molmac@bagamati.gov.np

Website : http://molmac.bagamati.gov.np

# कृषि, पशुपन्छी तथा मत्स्य क्षेत्रको रूपान्तरण मार्गचित्र, २०७८

नेपालको संविधानले तीनै तहका सरकारबीचको अन्तरसम्वन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने गरी संघ, प्रदेश र स्थानीय तहको सरकारको व्यवस्था गरेको छ । संविधानले सबै किसिमका विभेदको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र समृद्धिको आकाङ्क्षा राखेको छ । देशले लिएको आर्थिक समृद्धि, सामाजिक न्यायको राष्ट्रिय आकाङ्क्षालाई आत्मसात गर्दै बागमती प्रदेश सरकारको "सुसंस्कृत र सुखी जनता; समाजवाद उन्मुख समृद्ध प्रदेश" भन्ने दीर्घकालीन सोच पूरा गर्नेतर्फ प्रतिवद्ध रही विकासको मुख्य चालकको रूपमा रहेको कृषि क्षेत्रको व्यवसायीकरण, जैविक कृषिको प्रवर्द्धन र कृषिलाई उद्यमका रूपमा विकास र विस्तार गर्न कृषि तथा पशुपन्छी विकास मन्त्रालय प्रतिवद्ध रहेको छ ।

आर्थिक गतिविधिका हिसावले करिब ६० प्रतिशत जनसङ्ख्याको मुख्य पेशाको रूपमा रहेको नेपालको कृषि क्षेत्रले कुल गार्हस्थ उत्पादनमा करिब २७ प्रतिशत योगदान गरेको भएता पनि यस क्षेत्रको उत्पादकत्व र प्रतिस्पर्धात्मक क्षमता न्यून रहेको छ र खाद्य व्यापार घाटा पनि बढ्दो रहेको छ । बढ्दो माग सँगसँगै दूध, अण्डा, तरकारी, माछापालनको उत्पादनमा सकारात्मक संकेत देखिए पनि देशको ठुलो जनसङ्ख्याको आवश्यकता पुरा गर्न, गरिबी घटाउन, खाद्य तथा पोषण सुरक्षाको सुनिश्चितता गर्न भने अझै प्रयास हुन सकेको देखिँदैन ।

नेपालको समग्र कृषि उत्पादनमा बागमती प्रदेशको योगदान करिब १७ प्रतिशत रहेको छ । प्रदेशमा कृषि विकासको लागि प्रशस्त सम्भावना भएतापनि उच्च प्रविधिको सीमित प्रयोग, मौसमी प्रभाव, प्रतिस्पर्धात्मक क्षमताको कमि, उचित मूल्य र बजारीकरणमा समस्या, कृषि भूमिको खण्डीकरण र घडेरीकरण, गुणस्तर कृषि सामग्रीको आपूर्ती व्यवस्थामा कठिनाई, श्रम पलायन, सुस्त व्यवसायीकरण, जलवायु परिवर्तन, प्राकृतिक प्रकोप, रोग किरा आदिको कारणले प्रदेशमा कृषिको विकास अपेक्षिकृत ढङ्गवाट हुन सकेको छैन । विश्वव्यापी रूपमा फैलिएको नोबेल कोरोना भाइरस (कोभिड-१९) को सङ्क्रमण फैलिन नदिन नेपाल सरकारवाट जारी गरिएको निषेधाज्ञा र बन्दाबन्दीको कारणवाट समेत उत्पादन भएको कृषि उपजको सहज विक्री वितरण हुन नसकिरहेको अवस्थामा कृषि उद्योग सञ्चालनको लागि कच्चा पर्दाथको ढुवानीमा समेत समस्या भएको कारणबाट कृषक, व्यवसायी र कृषि उद्यमी थप मारमा परेको व्यहोरा हामी माझ अवगत नै छ ।

कृषि क्षेत्रको विकास/रूपान्तरणका लागि कुल ग्राहस्थ उत्पादनमा मूल्यको हिसाबमा बढ्दै जानुपर्ने तथा प्रतिशतका हिसावले योगदान घट्दै जानुपर्ने विश्वव्यापी मान्यता रहेको छ । बागमती प्रदेशको पहिलो आवधिक योजना (आर्थिक वर्ष २०७६/७७-२०८०/८१) ले प्रदेशको कुल ग्रार्हस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान १३ प्रतिशतवाट १०.३ प्रतिशत पुऱ्याउने लक्ष्य लिएको छ। जसवाट आर्थिक वृद्धिदर आधार वर्ष २०७५/७६ मा ७.५ प्रतिशतवाट योजनाको अन्तिम वर्ष २०८०/८१ मा १०.३ प्रतिशत हासिल गर्ने लक्ष्य तय गरिएको छ। हालको अवस्थामा छोटो समयमा गरिबी न्यूनीकरण, रोजगारी सृजना, खाद्य तथा पोषण सुरक्षा र व्यापार घाटा कम गर्न कृषि क्षेत्रको आधुनिकीकरण, व्यावसायीकरण, औद्योगीकरण, यान्त्रिकीकरण, बैज्ञानिक भूमिसुधार, बजारीकरणलाई प्रभावकारी बनाई हाल न्यून रहेको कृषि उपजको उत्पादन र उत्पादकत्व बढाउन सक्ने सम्भावना बागमती प्रदेशमा रहेको छ।

समग्र प्रदेशको कृषि, पशुपन्छी तथा मत्स्य क्षेत्रको रूपान्तरणको लागि नीतिगत र कानूनी व्यवस्था, विधि, प्रकृयामा सुधारको आवश्यकता रहेको छ। आधुनिकीकरण, व्यवसायीकरण, औद्योगीकरण, यान्त्रिकीकरण मार्फत प्रदेशको कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व बढाउन सार्वजनिक निजी र सहकारी क्षेत्रको सहकार्यलाई आत्मसाथ गर्दै "**आत्मनिर्भर कृषि - समृद्ध प्रदेश**" को अवधारणासहित कृषि क्षेत्रको रूपान्तरणका लागि मन्त्रालयले ५१ बुँदे मार्गचित्र तय गरेको छ।

अब, म मन्त्रालयका विभिन्न क्षेत्रगत सुधार गर्न पहिचान गरेका र आवश्यक देखिएका मुख्य विषयहरूलाई तपाई सञ्चारकर्मी मित्रहरूको माझवाट सम्पूर्ण सरोकारवालाहरू समक्ष पुऱ्याउन र यसको सफल र प्रभावकारी कार्यान्वयन सहयोगको लागि समेत हार्दिक अपिल गर्दछु।

# कृषि, पशुपन्छी तथा मत्स्य क्षेत्रको रूपान्तरण मार्गचित्र, २०७८

## क) कृषि, पशुपन्छी तथा मत्स्य क्षेत्र

### नीति तथा कानूनी सुधार

१. कृषि, पशुपन्छी तथा मत्स्य क्षेत्रसँग सम्बन्धी प्रदेश सरकारवाट पहिचान भएका ऐनहरू तर्जुमा गर्ने कार्यलाई प्राथमिकता दिइने र जारी भएको ऐनलाई प्रभावकारी कार्यान्वयनमा लैजाने गरी कार्ययोजना सहित अगाडि वढाइनेछ ।

२. खाद्य र पोषण सुरक्षाको प्रत्याभूतिको लागि प्रदेशस्तरमा प्रदेश खाद्य परिषद् गठन गरी परिचालन गरिनेछ ।

३. कृषि, पशुपन्छी तथा मत्स्य क्षेत्रको व्यवसायीकरण, विकास र रोजगारी सृजना गरी समग्र अर्थतन्त्रलाई गतिशील र सुदृढ गर्न "प्रदेश कृषि विकास ऐन" को तर्जुमा गरिनेछ ।

४. मत्स्य क्षेत्रको उत्पादन, प्रशोधन र बजारीकरण गरी आर्थिक वृद्धि हासिल गर्न प्रदेश सरकारको छुट्टै मत्स्य प्रवर्द्धन नीति तर्जुमा गरिनेछ ।

५. निजी तथा सहकारी क्षेत्रलाई दुध तथा दुग्धजन्य पदार्थको प्रशोधन तथा बजारीकरणमा आकर्षण गरी समग्र दुग्ध क्षेत्रको दिगो विकासको लागि प्रदेश दुग्ध प्रवर्द्धन नीति तर्जुमा गरी कार्यान्वयन गरिनेछ । साथै प्रोत्साहन अनुदानमा आम दुग्ध उत्पादक कृषकहरूको पहुँच वृद्धिका लागि वर्तमान दुग्ध उत्पादनमा प्रोत्साहन अनुदानलाई समयसापेक्ष परिमार्जन गरिनेछ ।

६. अनुदानग्राहीले अनुदान प्राप्त गरिसकेपछि लक्षित उपलव्धि हासिल गरेको/नगरेको, प्राप्त अनुदानको सदुपयोग गरे/नगरेको, प्रतिवद्धता अनुरूप काम गरेको/नगरेको आदिको Follow Up Monitoring गरी अनुदानप्राप्त कृषकहरूलाई छुट्टै आचारसंहिता वनाई अनुदानग्राहीलाई अनुदानप्रति जवाफदेही वनाइनेछ । साथै विगतमा प्रवाह भएको अनुदानको एक उच्चस्तरीय अध्ययन टोली गठन गरी समीक्षा गरिनेछ र दुरूपयोग गरेको पाइएमा प्रचलित ऐन कानूनको दायरामा ल्याइनेछ ।

७. पोल्ट्री व्यावसायवाट मासु तथा अण्डाको उत्पादन, प्रशोधन, बजारीकरण एवम रोजगारीका अवसर सृजना गरी आर्थिक समृद्धि हासिल गर्न सार्वजनिक, निजी, सहकारी क्षेत्रका बीच समन्वय र सहजीकरणको लागि "प्रदेश पोल्ट्री विकास ऐन" को तर्जुमा गरिनेछ ।

८. प्रदेश पोल्ट्री विकास ऐन बमोजिम “प्रदेश पोल्ट्री विकास बोर्ड“ स्थापना गरिनेछ ।

९. कृषि व्यवसायमा कृषकको लगानी, उत्पादन क्षमता र आम्दानीलाई दृष्टिगत गरी प्रदेशका कृषकहरूलाई व्यावसायिक (हरियो जोन), अर्ध व्यावसायिक (पहेलो जोन) र निर्वाहमुखी (रातो जोन) मा वर्गीकरण गरी प्रदेशको कृषि कार्यक्रमलाई माग र आवश्यकता अनुसार कार्यान्वयनमा लगिनेछ ।

१०. पशुपन्छी, मत्स्य र कृषि क्षेत्रमा विभिन्न रोगहरूको कारणवाट हुने क्षतिलाई न्यूनीकरण गर्न रोग नियन्त्रण पूर्व तयारी तथा प्रतिकार्य योजना निर्माण गरि कार्यान्वयनमा ल्याइनेछ ।

**अनुसन्धान तथा प्रविधि विस्तार**

११. बागमती प्रदेश भित्र कृषिका समस्यामा आधारित रहेर अध्ययन, अनुसन्धान तथा प्रविधि विकास गर्न विश्वविद्यालय र नेपाल कृषि अनुसन्धान परिषदसगँ समन्वय गरी अनुसन्धान र प्रसार कार्यलाई अनुसन्धानवाट प्राप्त नतिजाको आधारमा कृषि कार्यक्रम तर्जुमा गर्ने व्यवस्था मिलाइनेछ ।

१२. कृषि तथा वन विज्ञान विश्वविद्यालयमा प्रदेशकै उत्कृष्ट पशुपन्छी प्रयोगशाला निर्माण गरी सेवा प्रवाहलाई प्रभावकारी बनाइनेछ ।

१३. कृषि प्रविधि तथा प्रसार सेवालाई विस्तार गर्न र किसानलाई सीप ज्ञानमा दक्ष वनाउन साना किसान कृषि सहकारी संगको समन्वयमा किसान लक्षित कृषक पाठशाला तथा सिकाई केन्द्र सञ्चालन गरिनेछ ।

१४. प्रदेश र स्थानीय तह बीचको सहकार्यमा यथार्थपरक तथ्याङ्क सङ्कलन गरी डिजिटल प्रविधिमार्फत प्रादेशिक कृषि तथ्याङ्कलाई व्यवस्थापन गरिनेछ ।

१५. प्रदेशभित्रका कृषि अध्ययन/अध्यापन गराउने कृषिसँग सम्बन्धित कलेजहरूसंगको सहकार्यमा कृषि अनुसन्धान प्रसार तथा तालिम केन्द्रको स्थापना गरिनेछ ।

**उत्पादन तथा उत्पादकत्व वृद्धि र बजारीकरण**

१६. “**स्वस्थ्य माटो, कृषि उत्पादनको मूल वाटो**” अभियानलाई सार्थक वनाउन माटो परीक्षण कार्यलाई विस्तार गरी स्थानीय तहहरूमा एक स्थानीय तह एक डिजिटल माटो परिक्षण प्रविधि हस्तान्तरण गर्नुका साथै माटो स्वस्थता पत्रको व्यवस्था गरिनेछ ।

१७. “**प्रदेशको शान, मौलिक कृषि हाम्रो पहिचान**” भन्ने अभियानका साथ रैथाने बालीको पहिचान, संरक्षण, सम्वर्दन, प्रवर्द्धन र विस्तार गर्ने कार्यक्रम तयार गरि लागू गरिनेछ ।

१८. कृषि उत्पादन सामग्रीको आपूर्ति व्यवस्थालाई सरल र सहज बनाउन बागमती प्रदेशलाई तोकिएको रासायनिक मलको मात्रा स्टकको लागि भण्डारण गृह स्थापना गर्ने र प्रदेशको सबै जिल्लाहरूमा आवश्यकता र मागको आधारमा न्यायोचित ढङ्गवाट बिक्री वितरण हुने व्यवस्था मिलाइनेछ ।

१९. आगामी आर्थिक वर्षदेखि संघीय सरकारको समन्वयमा प्रदेश सरकारबाट रासायनिक मल खरिद गर्ने प्रक्रियालाई अगाडि बढाई मागको चाप कम गरिनेछ।

२०. माटोको गुणस्तर कायम गर्न, विषादी प्रयोगलाई नियन्त्रण गर्नर रासायनिक मलको अभावलाई परिपूर्ति गर्न प्राङ्गारिक मलको उद्योग स्थापना गर्न प्रोत्साहन गरिनुका साथै प्राङ्गारिक मलको प्रयोगमा थप सहुलियत प्रदान गरिनेछ। रासायनीक मलको मागको चापलाई कम गर्न प्राङ्गारिक मल खरिद बिक्रीको व्यवस्था गरिनेछ।

२१. कृषि उपजको उत्पादन तथा बजारीकरणका लागि कृषकहरूलाई उत्प्रेरित गर्न संघीय सरकारबाट मुख्य मुख्य कृषि बाली वस्तुको तोकिएको न्यूनतम समर्थन मूल्यमा प्रति के.जी. २ का दरले प्रोत्साहन अनुदान उपलब्ध गराइनेछ ।

२२. कृषकले उत्पादन गरेका कृषि उपजहरू सहज बिक्री वितरण नभएको अवस्थामा कृषि उपजको न्यूनतम समर्थन मूल्यमा खरिद बिक्री गर्ने व्यवस्थाको सुरूवात गरिनेछ । न्यूनतम समर्थन मूल्यमा खरिद गरी भण्डारण गर्न आधुनिक साईलो (Silo) निर्माण गरिनेछ ।

२३. कृषि तथा पशुपन्छी उत्पादनको बजारीकरणलाई सहज बनाउन र उपभोक्ता र उत्पादक बिचको मूल्यमा हुने अन्तर कम गर्न सहकारी लक्षित एग्रीमार्ट र डेरी मार्ट स्थापना गर्दै लगिनेछ ।

२४. प्रदेशभित्र कृषकहरूको माग वमोजिमका कृषि यन्त्र उपकरणहरूको उत्पादन गर्नका लागि कृषि मेशीनरी उद्योग स्थापनामा सहयोग गरिनेछ ।

२५. उत्पादनमा आधारित दूध, अण्डा, मासुमा लिइएको आत्मनिर्भरताको लक्ष्यलाई समय सापेक्ष संशोधन गरी वार्षिक रूपमा हुने उपभोगलाई वृद्धि गर्न प्रादेशिक कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ ।

२६. फ्लोटिङ्ग फिस दाना उद्योग सञ्चालनको लागि खपत हुने विद्युत महशुलमा ५० प्रतिशत अनुदान उपलव्ध गराइनेछ । माछापालन व्यवसायमा दिँदै आइरहेको विद्युत महसुलमा ५० प्रतिशत अनुदानलाई निरन्तरता दिइनेछ ।

२७. पङ्गास माछाको श्रोत केन्द्र विकासका लागि ह्याचरी निर्माणमा सहयोग गरिनेछ।

२८. माछाको बिक्री वितरणलाई नियमन गरी गुणस्तर कायम गर्न मत्स्य बजार निर्माण गरी सञ्चालनमा ल्याउन प्रोत्साहन गरिनेछ।

२९. सप्ताहव्यापी रूपमा माघ २५ देखि फागुन २ गतेसम्म अभियानको रूपमा प्रदेशभर एकैपटक भेडा बाख्रामा लाग्ने पिपिआर रोग विरूद्ध खोप सञ्चालन गरिनेछ।

३०. रेबिज रोग उन्मूलन गर्ने अभियानलाई सार्थक बनाउन रेबिज बिरूद्धको खोप कार्यक्रमलाई प्राथमिकतामा राखी निःशुल्क खोप अभियान सञ्चालन गरिनेछ।

३१. प्रदेशमा दूध क्रान्ति ल्याउन कम्तीमा १०० वटा गाईपालन गर्ने कृषक/समूह/सहकारी/निजी फर्महरूमा भौतिक पूर्वाधार विकासका लागि मन्त्रालयवाट सहजीकरण गरिनेछ। त्यस्ता फर्महरूमा मिल्किङ्ग पार्लर स्थापनाको लागि सहयोग गरिनेछ।

३२. प्रदेशमा एक पूर्ण स्वचालित आधुनिक गाईपालन/भैसीपालन फर्मलाई लक्षित गरी कम्तीमा ३०० वटा गाईपालन/भैसीपालन गरेको फर्ममा Dairy Centre of Excellence स्थापनाको लागि सहजीकरण गरिनेछ।

३३. गाई भैसी पालनलाई थप व्यवस्थित वनाउन र गुणस्तरीय दूध उत्पादनमा टेवा पुऱ्याउन असल व्यवस्थापन अभ्यास (Best Management Practice) सम्वन्धि मापदण्ड तयार गरी लागू गरिनेछ। Teat Dipping, Milking Machine को प्रयोगलाई समेत प्राथमिकतामा राखिनेछ।

३४. पशु आहारको कमिलाई परिपूर्ति गर्न साइलेज, टि.एम.आर. प्रविधिलाई विस्तार गरिनेछ र साइलेज ढुवानीमा कृषकहरूलाई अनुदान प्रदान गरिनेछ।

३५. पशु स्वास्थ तथा क्लिनिकल सेवालाई विस्तार गर्न स्थानीय तहसँगको समन्वयमा एक वडा एक पशु स्वास्थ्य क्लिनिक सञ्चालनमा ल्याइनेछ।

३६. यसै आर्थिक वर्षवाट सुरू हुने गरी भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा सेवा लिन आउने कृषकहरूलाई लक्षित गरी पशुपन्छी उपचारमा लाग्ने औषधिलाई निःशुल्क बनाइनेछ।

३७. व्यावसायिक क्षेत्रमा फड्को मारिरहेका निर्यातयोग्य बाली वस्तुहरू जस्तै तरकारी, केरा, मौरी, बीउविजन तथा फलफूलको प्रविधि अनुसरणका लागि Economy of Scale का आधारमा सिकाई केन्द्रको स्थापना गरिनेछ।

३८. कृषकहरूमा प्रविधि हस्तान्तरण एवं व्यावसायिक क्षमता वृद्धि गर्न सहुलियतपूर्ण

ऋण लगानी तथा कृषि विमाको प्रवर्द्धनको लागि जिल्ला स्थित मातहतका कार्यालयहरू मार्फत सहजीकरणको व्यवस्था मिलाइनेछ।

३९. "**प्रविधि सँगसँगै प्राविधिक**" को व्यवस्था गर्न प्रदेशमा उपलब्ध कृषि तथा पशुपन्छी क्षेत्रमा कार्यरत विज्ञ/विशेषज्ञ, परामर्शदाता, संस्थाहरूसँग समन्वय गरी कृषकलाई निःशुल्क प्राविधिक सेवा उपलब्ध गराइनेछ।

४०. युवा कृषि उद्यमी लक्षित कार्यक्रमको पहिचान गरी कार्यक्रम कार्यान्वयन गरिनेछ।

४१. खाद्य स्वच्छता कायम गर्न प्रदेशका प्रमुख कृषि थोक बजारहरूमा विषादिको अवशेष परीक्षण गरेर मात्र पैठारी र विक्री वितरण हुने व्यवस्था मिलाइनेछ। स्थानीय तहको समन्वयमा विषादि परीक्षण प्रयोगशाला सञ्चालन गरिनेछ।

४२. मासुको गुणस्तर र स्वच्छता कायम गर्न स्थानीयतहसँगको समन्वयमा बधशाला निर्माण गरी पशुबधशाला तथा मासु जाँच ऐन, नियमावलीको कार्यान्वयन गर्न सुरूवात गरिनेछ।

**ख) सुशासन प्रवर्द्धन, अनुगमन र मूल्याङ्कन**

४३. प्राविधिक जनशक्ति पूरा गरी कृषि तथा पशुपन्छी सेवालाई विस्तार गर्न कृषि तथा पशु सेवा अधिकृतहरूलाई करारमा लिने व्यवस्था मिलाइनेछ।

४४. मन्त्रालयसँग सम्बन्धित सूचनाको प्रवाहको लागि मन्त्रालय तथा मातहतका कार्यालयहरूमा सूचना केन्द्रको स्थापना गरिनेछ।

४५. मन्त्रालयले गरेका कामलाई सबैको माझ लैजान प्रत्येक महिना प्रवक्ता-पत्रकार भेटघाट गर्ने व्यवस्था मिलाइनेछ।

४६. मन्त्रालय मातहतका निर्देशनालयका प्रमुख, निर्देशक तथा जिल्लास्थित कार्यालयहरूका प्रमुखहरूसगँ स्वीकृत वार्षिक कार्यक्रम समयमै सम्पन्न गर्ने गरी कार्यसम्पादन करार सम्झौता गरिने र सोही आधारमा कर्मचारीको वृत्ति विकासको लागि अवसरहरू सृजना गरिनेछ।

४७. मापदण्ड र सूचकको आधारमा उत्कृष्ट कर्मचारी र उत्कृष्ठ कार्यालय छनौट गरी पुरस्कारको व्यवस्था मिलाइनेछ।

४८. स्थानीय तहमा कार्यरत कृषि तथा पशु सेवा तर्फका स्थायी कर्मचारीहरूको लागि निश्चित कोटा छुट्याई सेवाकालीन तालिमको सञ्चालन गरी प्राविधिक विषयमा क्षमता अभिवृद्धि गर्दै लगिनेछ।

४९. मन्त्रालयसँग सम्बन्धित जनगुनासाहरूको सुनुवाई र व्यवस्थापनको लागि मन्त्रालयमा टोल फ्रि नम्वरसहितको डेस्क स्थापना गरिनेछ र SMS मार्फत सूचना प्रवाह गर्ने व्यवस्था गरिनेछ ।

५०. मन्त्रालय र मातहतको कार्यालय मार्फत सम्पादन हुने विभिन्न कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन सुशासन प्रवर्द्धन, समस्या र गुनासो सम्बोधन, कामको गुणस्तर कायम, बजेटको सदुपयोग, वित्तीय अनुशासन, प्राविधिक रूपमा पृष्ठपोषण, एक आपसमा हुने असमझदारी हटाउन र कार्यक्रमबाट हुने प्रभावको मूल्याङ्कन गर्नको लागि आन्तरिक अनुगमन प्रणाली स्थापना गरिनेछ ।

५१. प्रदेशभित्र कार्यरत सम्पूर्ण राष्ट्रिय/अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरू, विकास साझेदार संस्था लगायत कृषिसग सम्बन्धित निकायहरूसँग छलफल गरी प्रदेशले कृषिमा लिएको प्राथमिकता र आवश्यकता अनुसार कार्यक्रमहरू सञ्चालन गर्न प्रोत्साहन गरिने र कार्यक्रममा एकरूपता कायम गर्न कदम चालिनेछ ।

**थप बुँदाहरु (मन्त्रालयको मिति २०७८/१०/०३ को निर्णयानुसार)**

१. कृषि तथा पशुपन्छी क्षेत्रको विकासको लागि आवश्यक पर्ने जनशक्ति उत्पादन गर्नको लागि बागमती प्रदेशमा एक प्रादेशिक कृषि तथा पशुपन्छी विश्वविद्यालयको स्थापना गरिनेछ ।

२. रासायनिक मलको बढ्दो मागलाई कम गर्न सार्वजनिक, सहकारी र निजी क्षेत्रको सहकार्यमा प्रादेशिक रासायनिक मल कारखानाको स्थापना गरिनेछ ।

३. कृषि, पशुपन्छी तथा मत्स्य क्षेत्रमा हुने जोखिमलाई न्यूनीकरण गर्न कृषि विमा प्रवर्द्धन कार्यक्रमलाई व्यापक बनाइनेछ ।

४. भेडा, बाख्रा विकासको लागि रणनीति तयार गरी मासुको न्यूनतम समर्थन मूल्य कायम गर्न पहल गरिनेछ ।

५. प्रत्येक एक वडामा सञ्चालन हुने एक पशु स्वास्थ्य क्लिनिकमा एक पशु स्वास्थ्य प्राविधिकको व्यवस्था गरिनेछ ।

प्रदेश सरकार

# कृषि तथा पशुपन्छी विकास मन्त्रालय

बागमती प्रदेश, हेटौंडा, मकवानपुर, नेपाल
सम्पर्क नं. ०५७-५२५६४२ | ५२५९४५
इमेल : molmac@bagamati.gov.np
Website : http://molmac.bagamati.gov.np